सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८०।०८१

च.न. ५८६

मितिः२०८०।८।१०

श्री वडा कार्यालयहरु सबै ।

श्री बिषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाका मिति २०८०।०८।०८ गतेको बैठकहका निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

.............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

CamScanner

# सरुमारानी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय बङ्गाडा, प्यूठान

## कार्यपालिकाको उनान्तिसौं बैठकका प्रस्तावहरु

मिति २०८०।०८।०८ गते

१. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।

२. कृषि तथा पशुविकास उद्यमशिलता विकास परियोजनाको संस्था छनौट सम्बन्धमा ।

३. प्यूठान अस्पतालमा डाईलाईसिस सेवा संचालनको लागि सहयोग सम्बन्धमा ।

४. खानेपानी स्वच्छता तथा सरसफाई कार्यक्रम सम्बन्धमा ।

५. प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

६. मौजुदा कानुनको अध्ययन, पुनरावलोकन, तथा संशोधन सम्बन्धमा ।

७. आर्थिक सहायता सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

- बङ्गाडा स्वास्थ्य संस्थाको विधुततार सम्बन्धमा ।
- जसपुर पुठाखोला सडक मर्मत सम्बन्धमा ।

## बैठक संख्या-२९

## गाउँकार्यपालिकाको उनान्तिसौ बैठकका निर्णयहरु-२०८०।०८।०८ गते

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।७।२० गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएका र केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

**निर्णय न. २ कृषि तथा पशुविकास उद्यमशिलता विकास परियोजनाको संस्था छनौट सम्बन्धमा ।**

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा कृषि तथा पशु विकासको क्षेत्रमा निजी/ गैर सरकारी संघ-संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "सरुमारानी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०", बमोजिम मिति २०८०।०६।०८ गतेको आशय पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम नियमानुसार आशय पत्र पेश गरी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नको लागि छनौट भएका ३ वटा संस्था मध्ये तोकिएको समय सीमा भित्र आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने तपशिल बमोजिमको संस्था मूल्यांकन समितिबाट मूल्यांकन भई साझेदारी कार्यक्रम संचालन गर्न छनौट लागि सिफारिस भएको हुँदा कार्यक्रम संचालन गर्न छनौट गरी सम्झौता गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | साझेदार संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | हेफर प्रोजेक्ट नेपाल | ललितपुर महानगरपालिका-१५ हात्तीवन ललितपुर। |

**निर्णय न. ३ प्यूठान अस्पतालमा डाईलाईसिस सेवा संचालनको लागि सहयोग सम्बन्धमा ।**

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा प्यूठान अस्पतालको मिति २०८०।७।१६ गतेको पत्र अनुसार प्यूठान अस्पतालमा डाईलाईसिस सेवा संचालनको लागि स्थानीय तह र निजिक्षेत्रको सहभागितामा श्रोत सुनिश्चतताको लागि जिल्लामा भएको प्रतिवद्दता बमोजिमको रु. ५,००,०००/- उपलब्ध गराउन निर्णय गरियो ।

**निर्णय न. ४ खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासंघ नेपालले UNICEF को सहयोगमा स्थानीय तहको शासन प्रकृयामा खानेपानी सरसफाई तथा स्वच्छता (WASH) क्षेत्र सुदृढिकरण कार्यक्रम संचालन गर्नको लागी यस गाउँपालिकालाई छनौट गरेकोमा गाउँपालिका राष्ट्रिय महासंघ नेपाललाई धन्यबाद व्यक्त गर्दछौ । साथै खानेपानी सरसफाई तथा स्वच्छता (WASH) क्षेत्र सुदृढिकरण कार्यक्रमको समन्वय, सहयोग र सहजिकरणमा सहयोग पुर्याउनको लागि यस गाउँपालिकाबाट सम्पर्क व्यक्तिको रुपमा यस कार्यालयमा कार्यरत सूचना अधिकृत श्री शिवराज न्यौपाने र खानेपानी योजनाहरुको

गुणस्तरण परिक्षण लगाएत प्राविधिक कामको लागी खानेपानी तथा सरसफाई टेक्नेसियन श्री कुमारी सोमै मगरलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय न. ५ प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८० मंसिर २८ गते गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ मौजुदा कानुनको अध्ययन, पुनरावलोकन, तथा संशोधन सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपालिकाका अन्तर्गत गाउँसभा र गाउँकार्यपालिकाले स्वीकृत गरेका मौजुदा कानुनको अध्ययन, पुनरावलोकन, तथा संशोधनको लागि तपशिल बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. श्री चिन्त बहादुर सोमै-सयोजक – पूर्वाधार विकास समिति ......संयोजक
२. श्री लक्ष्मी पल्ली-सदस्य- वडा न. ५ वडा अध्यक्ष .......सदस्य
३. श्री नर बहादुर घर्ती- वडा न. १ वडा अध्यक्ष .......सदस्य
४. श्री बेद बहादुर पुन-वडा सदस्य वडा न. ३ (विद्यायन समिति संयोजक) .......सदस्य
५. श्री नम बहादुर उलुङ्गे-वडा सदस्य वडा न. ६ (विद्यायन समिति सदस्य) .......सदस्य
६. श्री शारदा राना पल्ली-वडा सदस्य वडा न. १ (विद्यायन समिति सदस्य) .......सदस्य
७. श्री कृष्ण प्रसाद आचार्य-कानुनी सल्लाहकार .......सदस्य
८. श्री एकजना तोकिएको विषयविज्ञ .......सदस्य
९. श्री लक्ष्मण आचार्य- प्रशासन शाखा प्रमुख .......सदस्य सचिव

साथै मौजुदा कानुनको अध्ययन, पुनरावलोकन, तथा संशोधनको लागि एकजना विषयविज्ञ परामर्शसेवाबाट लिने/लुम्बिनी प्रदेश सरकारबाट प्राविधिक सहयोग माग गर्ने र मौजुदा कानुनको अध्ययन, पुनरावलोकन, तथा संशोधनको प्रकृयाँ लगाएत कानुन निर्माणको विषयमा कार्यदलका सदस्य र गाउँकार्यपालिकालाई तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७. आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव न.१४ माथी छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | रुक बहादुर थापा मगर | वडा नं.४ | १०००० | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| २ | पुनी दमाई | वडा नं.१ | १०००० | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |
| ३ | यम बहादुर धामी/पित बहादुर धामी | वडा न. १ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ८ | अना राम गुरुङ्ग | वडा न. ३ | १०००० | विपद् व्यवस्थापन कोष |

**निर्णय नं. ८. विविध सम्बन्धमा ।**

- **बङ्गाडा स्वास्थ्य संस्थाको विधुततार सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिका वडा न. ४ मा रहेको बङ्गाडा आधारभुत स्वास्थ्य संस्थाको कार्यालयमा जोडिएको विधुतलाईनको कालोतार र पोललाई ब्यबस्थित र मिलाउनु पर्ने भएकोले सो कार्यका लागि रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- **जसपुर पुठाखोला सडक मर्मत सम्बन्धमा ।**
  सरुमरानी गाउँपालिका वडा नं. ५ स्थित जस्पुर पुठाखोला सडक खण्डको सडक मर्मतको लागि मर्मत संभार शिर्षकबाट रु.३०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/०८/१०

CamScanner